# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, मंसिर ०२ गते, २०८२ साल (अतिरिक्ताङ्क १०

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको
## सूचना

<u>स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२</u>



**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेश भित्रका एक स्थानीय तह दुई उत्पादन अभियान अन्तर्गत सुदूरपश्चिम प्रदेशका स्थानीय तहमा आयात प्रतिस्थापन र निर्यातको सम्भावना बोकेका प्रमुख बाली/वस्तुहरु (सुन्तलाजात, स्याउ/ओखर, केरा, उखु लगातका फलफूल, सिमी, भटमास लगायतका दलहन बाली, तेलहन बाली, चैतेधान, मकै, धान, रैथाने बाली, आलु, तरकारी, मौरी, माछा, भैसी/गाई, बंगुर, भेडा, बाखा आदी) को तीन वर्षमा विशेष उत्पादन गरी प्रशोधन तथा बजारीकरण गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "अनुगदानग्राही" भन्नाले अनुदान प्राप्त गर्ने कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको कार्यालय सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सुदुरपश्चिम प्रदेशको कृषि सम्बन्धि विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले सुदूरपश्चिम प्रदेश भित्रका गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

३. **कार्यक्रम निर्देशक समितिः** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा समन्वयका लागि मन्त्रालयमा देहाय बमोजिमको कार्यक्रम निर्देशक समिति रहनेछः-





(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) प्रदेश सचिव, मन्त्रालय -सदस्य

(ग) महानिर्देशक, कृषि विकास निर्देशनालय -सदस्य

(घ) महानिर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(ङ) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय -सदस्य

(च) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, मन्त्रालय -सदस्य

(छ) प्रमुख, भुमि व्यवस्था महाशाखा, मन्त्रालय -सदस्य

(ज) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा, मन्त्रालय -सदस्य

(झ) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय -सदस्य

(ञ) प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय -सदस्य

(ट) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ख) सञ्चालित कार्यक्रमको प्रगति समिक्षा गर्ने र निर्देशन दिने,

(ग) तोकिएको लक्ष्य प्रगति सूचकाङ्क नपुऱ्याउने पकेट क्षेत्रको कार्यक्रम रद्द गर्न निर्देशन दिने,

(घ) प्रदेश सभा सदस्यहरुको समन्वयमा कार्यालयको सिफारिसमा कार्यक्रमको उपयुक्त बाली/वस्तुको विशेष पकेट क्षेत्रको छनौट गर्ने तथा छनौट गरिएको बाली वस्तु परिवर्तन गर्ने,

(ङ) सञ्चालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थापन गर्ने।

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ।

(ख) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।





(ग) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(घ) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **बजेट सम्बन्धी व्यवस्थाः** यस कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले आवश्यक बजेटको व्यवस्था गर्नेछ।

५. **कार्यक्रमको कार्यक्षेत्र छनौटः** (१) यो कार्यक्रम सुदूरपश्चिम प्रदेशका अठासी वटै स्थानीय तहमा सम्बन्धित कार्यालय र प्रदेश सभा सदस्यहरुको समन्वयमा आयात प्रतिस्थापन वा निर्यात प्रवर्द्धन गर्न प्राविधिक रुपमा उपयुक्त बाली/वस्तुको विशेष पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले पकेट सिफारिस गर्दा स्थानीय तहसँग समन्वय गरी स्थानीय तहको लागत साझेदारीको प्रतिबद्धता, कृषक घरधुरी सङ्ख्या, खेतीयोग्य जमिन, मानव विकास सूचाकाङ्क, कृषि क्षेत्रको प्राथमिकता लगायतका मापदण्डको आधारमा गर्नु पर्नेछ।

६. **सञ्चालन गरिने क्रियाकलापः** (१) स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम सम्बन्धित कार्यालयले प्राविधिक

उपयुक्तता आधारमा अनुसूची -१ बमोजिम क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम शिर्षकका कार्यक्रम सञ्चालन गर्दा अनुदानको प्रतिशत र सीमा नियमावली बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम शीर्षकका कार्यक्रम सञ्चालन गर्दा चालु कार्यक्रमका लागि अधिकतम पहिलो वर्ष साठी प्रतिशत, दोस्रो वर्ष पचास प्रतिशत र तेस्रो वर्ष चालिस प्रतिशतको हुनेछ।

७. **<u>प्रस्ताव आह्वान तथा छनौटः</u>** (१) सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित क्षेत्रका प्रदेश सभा सदस्य, जिल्ला समन्वय समितका प्रमुख, स्थानीय तहका प्रमुख लगायत जनप्रतिनिधिसँग कार्यक्रम सम्बन्धी समन्वयात्मक अन्तरक्रिया बैठक गर्नु पर्नेछ।

(२) कार्यालयले नियमावली बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ। उक्त सूचनाको जानकारी सम्बन्धित स्थानीय तहहरुलाई लिखित रुपमा पत्र मार्फत दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशन भएपछि अनुदानग्राहीले नियमावली बमोजिमको ढाँचामा प्रस्ताव र एक वर्षे कार्ययोजनासहित सम्बन्धित कार्यालय वा सम्बन्धित स्थानीय तहको कृषि वा पशु शाखामा निवेदन दर्ता गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता भएका प्रस्तावहरुको छनोट अनुसूची -२ बमोजिमको मापदण्ड पुग्ने





गरी नियमावली बमोजिमको प्रक्रिया पुरा गरी मूल्याङ्कन र छनौट गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम छनौट भएका अनुदानग्राहीको विवरण सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ।

८. **<u>लागत अनुमान, सम्झौता तथा भुक्तानीः</u>** (१)कार्यालयले लागत अनुमान तयारी तथा अनुग्राहीसँगको सम्झौता, कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास, फरफारक र भुक्तानी सम्बन्धी सम्पूर्ण कार्य नियमावली बमोजिमको प्रक्रिया पूरा गरी गर्नु पर्नेछ।

(२) लाभग्राही समुदायसँग सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थाबाट दोहोरो सुविधा नलिएको प्रतिबद्धता लिनु पर्नेछ।

## परिच्छेद-४

## <u>विविध</u>

९. **<u>सम्पर्क व्यक्ति (Focal Person) तोक्नुपर्नेः</u>** यस कार्यक्रमको कार्यान्वयन सम्बन्धमा आवश्यक सहजीकरण, तथ्याङ्क संकलन तथा प्रतिवेदनको लागि जिल्लास्थित कार्यालयमा अधिकृतस्तरको एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति (Focal Person) तोक्नुपर्नेछ।

१०. **दोहोरोपना हुन नहुने:** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ, प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने सोही प्रकृतिका कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

११. **अनुगमन तथा मूल्याङ्कन:** (१) मन्त्रालय वा निर्देशनालय वा कार्यालयले सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

१२. **अन्य कानून लागू हुने:** यस कार्यविधिमा लेखिएको कुरामा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरुको हकमा सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ र प्रचलित कानून बमोजिम हुनेछ।

१३. **बाधा अड्काउ फुकाउने:** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले कार्यक्रम निर्देशक समितिको सिफारिसमा बाधा अड्काउ फुकाउन सक्नेछन्।





## अनुसूची -१

**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**

**स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरु**

| **क्रियाकलापको वर्गीकरण** | |
|---|---|
| चालु | ▪ पकेट क्षेत्रमा अभिमुखिकरण<br>▪ छनौट भएको बाली वस्तु उत्पादन प्रविधि सम्बन्धी तालिम सञ्चालन<br>▪ उत्पादन सामग्रीको सहज उपलब्धता सुनिश्चित हुने कार्यक्रम (जस्तै: उत्पादन स्थलमै बीउ विजन, मल ढुवानी)<br>▪ सम्बन्धित बाली/वस्तुमा प्रविधि प्रदर्शन (**Technology demonstration**)<br>▪ उत्पादनका लागि बीउ/बेर्ना/नश्ल/भुरा, मल, विषादी, आदिमा सहुलियत<br>▪ प्लाष्टिक, जैविक मल उत्पादन सामग्री, मल्चिङ्ग सामग्री, रोग कीरा व्यवस्थापन सामग्रीमा सहुलियत<br>▪ बाली तथा पशुपन्छी बीमा कार्यान्वयन<br>▪ उत्पादित कृषि उपज बजार स्थलसम्म ढुवानी<br>▪ रोग/कीरा/महामारी नियन्त्रण सम्बन्धी कार्यक्रम<br>▪ कोल्ड चेम्बर/डेरी तथा मासु उद्योगको विद्युत महशुलमा अनुदान |

| | |
|---|---|
| | ▪ हरियो घाँस/साइलेज उत्पादन र आपूर्तिमा सहयोग<br>▪ पशु आहारको गुणस्तर सुधारमा सहयोग |
| पूँजीगत | ▪ साना सिंचाई संरचना निर्माण (थोपा सिंचाई, स्प्रिङ्कलर सिंचाई समेत)<br>▪ साना कृषि उपकरणहरु (पावर टिलर, मिनीटिलर, मिनि थ्रेसर, मिनि राईस मिल, मकै थ्रेसर, स्प्रेयर, आदि)<br>▪ साना तीन पाङ्ग्रे कृषि उपज ढुवानी साधन<br>▪ तरकारी तथा फलफूल खेतीका लागि स्थायी प्रकृतिका टनेल, हेल नेट, थाँक्रा व्यवस्थापन संरचना निर्माण सहयोग<br>▪ पशुपन्छी पालनका लागि गोठ/खोर निर्माण सहयोग<br>▪ नयाँ माछा पोखरी निर्माण सहयोग<br>▪ बजारीकरणका लागि साना ढुवानी साधनमा सहयोग<br>▪ डेरी मासु प्रवर्द्धनको लागि आवश्यक उपकरणमा सहयोग |





## अनुसूची -२

**(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)**

**कार्यक्रम सञ्चालन क्षेत्रफल/संख्या न्यूनतम मापदण्ड**

| क्र.सं. | बाली/वस्तु | व्यक्ति/फर्म | समुह/सहकारी |
|---|---|---|---|
| १ | धान | ५ कठ्ठा | ५० कठ्ठा |
| २ | चैते धान र मकै (बसन्ते मकै समेत) | तराईमा १५ कठ्ठा र पहाडमा ३ रोपनी | तराईमा १५० कठ्ठा र पहाडमा ३० रोपनी |
| ३ | दलहन (भटमास समेत) | तराईमा ५ कठ्ठा र पहाडमा ५ रोपनी | तराईमा ५० कठ्ठा र पहाडमा ५० रोपनी |
| ४ | तोरी | १० कठ्ठा | १०० कठ्ठा |
| ५ | तरकारी खुल्ला | तराईमा ५ कठ्ठा र पहाडमा २ रोपनी | तराईमा ५० कठ्ठा र पहाडमा २० रोपनी |
| ६ | तरकारी संरक्षित संरचना | ३०० वर्ग मिटर | ३००० वर्ग मिटर |
| ७ | मसला बाली (अदुवा/बेसार समेत) | ५ रोपनी | ५० रोपनी |
| ८ | आलु | तराईमा ५ कठ्ठा र पहाडमा ५ रोपनी | तराईमा ५० कठ्ठा र पहाडमा ५० रोपनी |

| | | | |
|---|---|---|---|
| ९ | प्याज | ३ कठ्ठा | ३० कठ्ठा |
| १० | वर्षे/हिउँदे फलफूल | ७० बोट | ७०० बोट |
| ११ | सुन्तलाजात फलफूल | १०० बोट | १००० बोट |
| १२ | केरा | तराईमा १० कठ्ठा र पहाडमा २ रोपनी | तराईमा १०० कठ्ठा र पहाडमा २० रोपनी |
| १३ | उखु | पहाडमा ५ रोपनी | पहाडमा ५० रोपनी |
| १४ | मौरीपालन | २० गोला/घार भएको | २०० गोला/घार भएको |
| १५ | रैथाने बाली | पहाडमा ५ रोपनी | पहाडमा ५० रोपनी |
| १६ | माछापालन | ५ कठ्ठा | ५० कठ्ठा |
| १७ | भेंडा/बाख्रा/च्याङ्ग्रा | तराईमा १५ वटा र पहाडमा ३० वटा | तराईमा १५० वटा र ३०० वटा |
| १८ | बंगुर | तराईमा १० वटा | तराईमा १०० वटा |
| १९ | भैंसी | तराईमा ५ वटा माउ र पहाडमा ३ वटा माउ | तराईमा ५० वटा माउ र पहाडमा ३० वटा माउ |
| २० | उन्नत गाई | ५ वटा गाई | ५० वटा गाई |

**आज्ञाले,**
**शंकर साह**
**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १०।-